प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

"सूचनाको हक सम्बन्धि ऐन, २०६४" को दफा ५ को उपदफा (३) र (४) र दफा ६ ले निर्देश गरेअनुरुप सार्बजनिक गरिएको विवरण

सुचना सार्वजनिक गर्ने निकायको नामः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बुटवल
सूचना प्रकाशन गरेको अबधिः २०७७/०४/०१ देखि २०७७/०६/३० सम्म

१. निकायको स्वरुप र प्रकृतिः

कृषि क्षेत्रलाई समग्र प्रदेशको विकासको मेरुदण्ड रुपमा मनन गरी प्रदेश नं.५, बुटवलमा यस भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्थापना वि.सं. २०७४ साल फाल्गुण महिनामा भएको हो। "समृद्ध प्रदेश, खुशी जनता" भन्ने मूल नारालाई आत्मसाथ गरी यस भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ ले कृषि, पशुपालन, मत्स्य, भूमि तथा सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धनको अभिभारा लिएको छ। कृषि क्षेत्रलाई व्यवसायमुलक तथा प्रतिस्पर्धात्मक बनाई आयआर्जनमा टेवा पुर्याउँदै नेपालको संविधानले तोकेको नागरिकको खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गर्नु नै मन्त्रालयको मूलभुत उद्देश्य रहेको छ।

२. निकायको सोंचः

- प्रदेशको खाद्य सुरक्षा एवं पोषण सुरक्षाको प्रत्याभुति गर्दै गरिवी न्यूनिकरण एव राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान पुर्याउने।
- भूमिको वैज्ञानिक व्यवस्थापन एवं सामाजिक न्यायमा आधारित भू-उपयोगका माध्यमबाट सहकारी क्षेत्रको परिचालन गरी प्रदेशको कृषि एव पशुपन्छीजन्य उत्पादनको क्षेत्रमा आत्मनिर्भरता हासिल गरी यस क्षेत्रको उत्पदानलाई निर्यातयोग्य अवस्थामा पुऱ्याउने ।

३. उद्देश्यः

- सहकारीको सिद्धान्त र मूल्यहरूको प्रवर्द्धन गर्दै सहकारीमा आधारित उत्पादन, उद्यम र सेवा व्यवसायको विकास र विस्तार गरी प्रदेशको दिगो र समतामूलक आर्थिक सामाजिक विकासमा योगदान पुऱ्याउने।
- कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग गर्दै प्रतिष्पर्धात्मक क्षमता हासिल गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नुका साथै कृषिजन्य उद्योगलाई प्रवर्द्धन गर्ने।
- पशुपन्छी पालनमा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै व्यवसायिक, प्रतिस्पर्धी एवं स्वस्थ पशुपछिं उत्पादनको सुनिश्चितता एवं पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भरता हासिल गरी यस क्षेत्रलाई आय आर्जनका साथै रोजगारीको माध्यमका रुपमा विकास गर्ने ।

कृषि अर्थ विज्ञ

वरिष्ठ कृषि विकास अधिकृत (नवौं तह)

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

## ४. निकायको काम, कर्तव्य र अधिकारः

- कृषि, पशु विकास तथा खाद्य पोषण, सहकारी, भुमि तथा गुठी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने।
- समग्र कृषिमा यान्त्रीकरण, औधोगिकरण तथा व्यवसायिकताको विकास, अत्यावश्यक उत्पादन सामाग्रीको आपुर्ति, गुणस्तर प्रमाणिकरण तथा नियमन तथा विपद र महामारी व्यवस्थापनको सुनिश्चितताका साथ यस क्षेत्रलाई आधुनिकिकरण तर्फ अगाडी बढाउने।
- सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमती, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन गर्नुका साथै सहकारी क्षेत्रको प्रवर्द्धन, क्षमता तथा परिचालन गर्ने।
- भूमि व्यवस्थापन,भुमि प्रशासन र जग्गा नापजाँच, भुमि सुधार, भू-पयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने।
- गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्वन्धी नीत, कानून, मापदण्ड तथा योजना तर्जुमा, कायाान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभुलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय गर्ने।
- गरीबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड एवं योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्भेक्षण, सूचना संकलन, गरिब घरपरीवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण गर्ने।

## ५. निकाय रहने कर्मचारी संख्या र कार्यविवरणः

मन्त्रालय र मातहतका कार्यालय समेतको कर्मचारीहरुको एकमुष्ठ विवरण उल्लेख गरिएको छः

| क्र.सं. | मन्त्रालय तथा निकायको नाम | कुल दरबन्दी | कार्यरत कर्मचारी संख्या | रिक्त पद संख्या |
|---|---|---|---|---|
| १ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश ५, रुपन्देही | ७४ | ५१ | २३ |
| २ | कृषि विकास निर्देशनालय, रुपन्देही | ३८ | २६ | १२ |
| ३ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, रुपन्देही | २४ | २० | ४ |
| ४ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु | ८० | ७८ | २ |
| ५ | कृषि ज्ञान केन्द्रहरु | १२६ | १०९ | १७ |
| ६ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, बाँकि | १६ | १४ | २ |
| ७ | सहकारी प्रशिक्षालय, नेपालगंज, बाँके | १३ | १२ | १ |
| ८ | कुखुरा विकास फर्म, बाँकेको | १० | ९ | १ |
| ९ | पशु सेवा तालिम केन्द्र, बाँके | १२ | ८ | ४ |
| १० | मत्स्य विकास केन्द्र, शमशेरगञ्ज, बाँके | ११ | ११ | ० |
| ११ | बीउ विजन प्रयोगशाला, रुपन्देही | २२ | १९ | ३ |

| | | | | |
|---|---|---|---|---|
| १२ | बाली संरक्षण प्रयोशाला, बाँके | ८ | ८ | ० |
| १३ | माटो तथा मल परिक्षण प्रयोगशाला, खजुरा, बाँके | १० | १० | ० |
| | जम्मा | ४४४ | ३७५ | ६५ |

६. निकायबाट प्रदान गरिने सेवाः

| महाशाखाको नाम | सेवा ता कार्य जिम्मेबारीहरुः |
|---|---|
| योजना तथा अनुगमन महाशाखा | • कृषि, पशु, सहकारी तथा भूमी सम्बन्धी नीति निर्माण तथा आवधिक योजनाहरुको तर्जुमा र अन्य महाशाखासँग समन्वय गरी अनुगमन तथा विश्लेषण एवं कृषि सम्बन्धी क्षेत्र/उपक्षेत्रको आर्थिक विश्लेषण कार्य गर्ने, गराउने।<br>• प्रदेश मन्त्रालय र अन्तर्गतका आयोजना तथा कार्यक्रमहरु र विकास साझेदार निकाय तथा वैदेशिक सहायतामा संचालन हुने आयोजनाहरुको सम्भाब्यता, प्रस्ताव तयारी, निति निर्माण, बजेट तर्जुमा, नर्मस, कार्ययोजना, समीक्षा तथा अनुगमन एवं मूल्यांकन गर्ने, गराउने ।<br>• योजना तथा कार्यक्रमको नियमित रुपमा (मासिक, द्वैमासिक, चौमासिक र बार्षिक) कार्य प्रगति स्थितिको समीक्षा गर्ने, गराउने र पृष्ठपोषण गर्ने ।<br>• कृषि क्षेत्रको विकासको लागि आयोजनाहरुको प्रस्ताव तयारी गरी विभिन्न निजी तथा बैदेशिक दातृ संस्थाहरुसँग कार्यगत समन्वय गर्ने । |
| प्रशासन तथा सहकारी विकास महाशाखा | • कर्मचारीको नियुक्ति, का.स.मु., हाजिरी, विदा, पुरस्कार, दण्ड, निवृत्तीभरण, अवकाश, उपदान आदि कर्मचारी प्रशासनसँग र कर्मचारीको अभिलेख सम्वन्धी कार्यहरु गर्ने।<br>• सहकारी संघ संस्था सञ्चालनको लागि आवश्यक मापदण्ड, निर्देशिका तथा कार्यविधि बनाई लागू गर्ने गर्ने ।<br>• मन्त्रालयको वैठकका निर्णयको तयारीमा सहयोग पुर्याउने, भएका निर्णयको अभिलेख राख्ने, निर्णयहरु सम्बन्धित मन्त्रालय /निकाय /महाशाखामा संचार गर्ने ।<br>• योजना तथा अनुगमन महाशाखासँग समन्वय गरी कार्यालयको लागि बार्षिक बजेट अनुमान तयार गरी पेश गर्ने ।<br>• प्रचलित ऐन नियमले तोकेको आर्थिक प्रशासन सम्बन्धी अन्य कार्यहरु गर्ने।<br>• अन्य शाखाको कार्य विवरणमा नपरेका प्रशासनिक लगायत अन्य सबै कार्यहरु गर्ने। |
| खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा | • कृषि थोक बजार, संकलन केन्द्र, हाट बजार तथा खुद्रा बिक्री कक्ष निर्माण, सुधार तथा विकास सम्बन्धी कार्यहरु।<br>• शित भण्डार विकास तथा प्रवद्र्धन सम्बन्धी कार्यहरु।<br>• कृषि बजार, संकलन केन्द्र, बजार पूर्वाधार र तालिम केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालन सम्बन्धी कार्यहरु। |

| | |
|---|---|
| | • प्रादेशिक खाद्य सुरक्षा र पोषण (खाद्यान्न, दलहन, तरकारी, फलफुल आदि) खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर सम्बन्धी कार्यहरु।<br>• कृषि उपजहरुको मूल्य निर्धारण सम्वन्धी प्रादेशिक मापदण्ड,कानून र नियमन सम्बन्धि सुझाव।<br>• कृषि व्यवसायमा लागत मुल्य कम गर्न यान्त्रीकरण प्रवर्द्धन गर्दै व्यवसायिकरण र औद्योगिकरणमा जोड दिने। |
| पशुपन्छी विकास महाशाखा | • पशुपन्छी सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रवर्द्धन कार्य<br>• बजेट तथा कार्यक्रम, आयोजना / परियोजनाहरुको योजना तर्जुमा, कार्यान्वयन<br>• पशुपन्छीजन्य महामारी नियन्त्रण तथा व्यवस्थापन<br>• पशुपन्छी विपद् व्यवस्थापन सम्बन्धी कार्य<br>• भेटेरीनरी जनस्वास्थ्य, जुनोटिक रोग, एन्टिबायोटिक रेसिस्टेन्स, ड्रग रेजिड्यु लगायतका जनस्वास्थ्यका विषयमा एक स्वास्थ्य अवधारणा सम्वन्धी कार्यहरु<br>• पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्यविधि, निर्देशिका तथा मापदण्डको कार्य<br>• पशुपन्छीजन्य यान्त्रिकीकरण औद्योगिकीकरण, उद्योग व्यवसायिकीकरणको प्रवर्द्धन |
| भूमिश्रोत नक्सांकन महाशाखा | • भूमि प्रशासन, भमि सुधार, जग्गा नापजाँच सम्वन्धि प्रशासन, भू-उपयोग सम्बन्धि निति तथा व्यवस्थापन तथा चक्लावन्दि सम्वन्धि प्रादेशीक निति कानून तथा मापदण्डको तर्जुमा, कार्यान्यन र नियमन ।<br>• सरकारी जग्गा, सार्वजनिक जग्गा, पर्ति जग्गा, गुठी जग्गाहरुको प्रादेशिक अभिलेख व्यवस्थापन तथा संरक्षण,<br>• मालपोत रजिष्टेशन, जग्गा दर्ता, जग्गाको मूल्यांकन, जग्गा प्रशासन, दाखिला खारेज, स्वामित्त्व हस्तान्तरण, जग्गाको हदबन्दी सम्बन्धि प्रादेशिक निति तथा मापदण्ड तर्जुमा र कार्यान्यन,<br>• सुकुम्वासी, मुक्त कमैया, कम्लहरी, हलिया, हरवा, चरवा लगायत भूमिहिन वर्गको स्थाई वसोवास, जिविकोपार्जनको लागि प्रादेशिक निति कानून तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन, |

७. सेवा प्रदान गर्ने महाशाखा र जिम्मेबार अधिकारीः

| क्र.सं. | शाखा | जिम्मेबार अधिकारी |
|---|---|---|
| १ | योजना तथा अनुगमन महाशाखा | बुद्धिराज घिमिरे |
| २ | प्रशासन तथा सहकारी विकास महाशाखा | श्रीधर ज्ञवाली |
| ३ | खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा | श्रीधर ज्ञवाली |
| ४ | पशुपन्छी विकास महाशाखा | डा. प्रदिप शर्मा |
| ५ | भूमि व्यवस्था महाशाखा | डा. प्रदिप शर्मा |
| ६ | भूमिश्रोत नक्सांकन महाशाखा | डा. प्रदिप शर्मा |

अर्थ विज्ञ

कृषि विकास अधिकृत (नवौं तह)

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

८. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधिः

मन्त्रालयबाट प्रदान गरिने नियमित सेवाका लागि कुनै पनि दस्तुर लाग्ने छैन र सेवा तुरुन्त प्रदान गरिनेछ।

९. निर्णय प्रकृया र अधिकारीः

गुनासो सम्बोधनका लागि आवश्यक प्रकृया अगाडी बढाइनेछ। प्राविधक सेवा टेवाका लागि माग भइ आएमा सम्बन्धित महाशाखाबाट कर्मचारी खटाइ सहजिकरण गरिनेछ।

१०. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

मन्त्रालयबाट संचालन भएका विभिन्न अनुदान कार्यक्रमहरुको छनौट सम्बन्धित निर्णय प्रकृयामा चित्त नबुझेको खण्डमा गुनासो संकलनका लागि मन्त्रालयको इमेल molmac.gunaso@gmail.com को व्यवस्था गरिएको छ। साथै अन्य माध्यमबाट/मा आएका गुनासोहरुको समेत सुनुवाई हुनेछ। गुनासो सुन्ने अधिकारी मन्त्रालयका सचिव डा. रेवती रमण शर्मा हुनुहुन्छ।

११. सम्पादन गरेको कामको विवरणः

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा मातहतका कार्यालय मार्फत आ.व. २०७७/७८ मा को प्रथम ३ महिनामा संचालन मुख्य मुख्य आयोजनाहरुको विवरण पेश गरिएको छः

| क्र. सं. | कार्यक्रमको नाम | बजेट रु (लाखमा) | हालसम्मको प्रगति |
|---|---|---|---|
| १ | शीत भण्डार निर्माणमा HVAC कार्यक्रम क्रमागत (भवन निर्माण)-२१ | २४०० | क्रमागत कार्यक्रम भएकाले हालसम्म ७ वटा आयोजना निर्माण सम्पन्न भइ यस वर्ष सम्म कृषि वस्तुहरुको भण्डारण क्षमता (Buffering stock) मा ५२५ मे.टन. क्षमता बृद्धि भएको। मन्त्रालय तथा स?तानीय तहहरुबाट निर्माण हुने अन्य आयोजनाहरु निर्माणको क्रममा रहेको। |
| २ | स्थानीय तहसँगको सहकार्यमा शितभण्डार निर्माण कार्यक्रम (भवन निर्माण)-८ | ४०८ | |
| ३ | शुलभकर्जा सहजिकरण तथा ब्याजमा अनुदान कार्यक्रम | २५५० | कृषि विकास बैंकसंग सम्झदारी पत्र (MOU) मा हस्ताक्षर भइ फाल्गुन १५ बाट सुचना प्रकाशन भइ कार्यक्रम कार्यन्यनमा गएको। जिल्ला कार्यालयहरु र कृषि विकास बैक सहितको भर्चुअल मिटिङ्ग सम्पन्न भएको। कर्जा सहजकर्ता छनौट भइ सम्बन्धित कार्यालयमा खटाउनका लागि अभिमुखिकरण तालिम संचालन भैरहेको। |

...र्य विज्ञ

...ष्ठ कृषि विकास अधिकृत (नवौं तह)

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

| | | | |
|---|---|---|---|
| ४ | हरित स्वयमसेवक छनौट तथा परिचालन | ७९८ | प्रत्येक स्थानीय तहका ४५८ वडाबाट श्रोत व्यक्तिको छनौट कार्य सम्पन्न भएको। जिल्ला कार्यालयहरुलाई जिम्मा दिइएकोमा बाँकी अन्य वडाहरुमा छनौट प्रकृया अन्तिम चरणमा पुगेको। |
| ५ | भेटेरीनरी रिफरल अस्पताल भवन निर्माण (रुपन्देही र बाँके)(भवन निर्माण) | ७०० | परामर्शदाता छनौट सम्बन्धमा TOR निर्माण भएको। विस्तृत परियोजना रिपोर्ट (DPR) निर्माणको तयारी भइरहेको। एकमुष्ठ ७ करोड विनियोजन भएकोमा प्रति अस्पताल रकम बाँडफाँड गरी भौतिक पूर्वाधार विकास मन्त्रालय, लुम्बिनी प्रदेशलाई बजेट पठाउने प्रकृया भइरहेको। |
| ६ | कृषिकर्मी रोजगारी कार्यक्रम | ६०० | व्यवसायी छनौटका लागि सूचना प्रकाशन भएको। करीव ४०१ प्रस्ताव संकलन भएको। प्रारम्भिक छनौट कार्य भैरहेको। |
| ७ | कोविड विशेष कृषि कार्यक्रम (चैते धान, बसन्ते मकै आदि कार्यक्रम) | ५५० | कार्यक्रम संचालन प्रकृया सम्बन्धि कार्यविधि निर्माण भएको। सिजन अनुसार कार्यक्रम संचालन हुने। |
| ८ | कृषिको समावेशी रुपान्तरणको लागि मूल्य श्रंखला आयोजना बुटवल उ.म.न.पा. र सैनामैना न.पा (अन्य सार्वजनिक निर्माण) | ५५० | तिन तहका सरकार बिच निर्माण र संचालनका विषयमा छलफल कार्य भैरहेको। संघिय कृषि तथा पशुपन्छी मन्त्रालयबाट DPR माग गरिएको। |
| ९ | कृषक परिचयपत्र वितरण कार्यक्रम (कृषि विकास कार्यक्रम) | ५०० | संघिय सरकारसंग कार्यक्रम संचालन प्रकृया सम्बन्धि समन्वय भइरहेको। सबै सरोकारवालाहरुसंग यसैसम्बन्धित भर्चुअल बैठक सम्पन्न भएको। |
| १० | कृषि व्यापार कम्पनी/संघ, प्लेटदाना तथा UHT उद्योग आदि स्थापनामा अनुदान सहयोग | ५०० | लुम्बिनि बिशिष्टिकृत सहकारी संघ तिलोत्तमा-५ मा संचालन गर्नका लागि संघिय मन्त्रालयसंग सहकार्य भएको। |
| ११ | सहकारी विकास कोष स्थापना, सञ्चालन तथा प्रशासनिक खर्च | ५०० | मन्त्रालयबाट प्रदेश लेखा नियन्त्रक कार्यालयको विविध खातामा रकम रु १५ करोड जम्मा गरेको। सहकारीका लागि सहुलियत कर्जा माग सम्बन्धि सुचना माग भएको। १५० प्रस्ताव संकलन भएको। प्रारम्भिक छनौट प्रकृया भइरहेको। |
| १२ | स्थानिय तह सँगको सहकार्यमा करार खेती कार्यक्रम (आ.व.२०७६/७७ को | २४६.४ | गत २ आ.व.मा गरी जम्मा ४५१ हेक्टरमा करार खेती कार्यक्रम संचालन भइरहेको। चालु आ.व.मा कूल १००० हेक्टर क्षेत्रफलमा कार्यक्रम संचालन हुने गरी |

अर्थ विज्ञ

वरिष्ठ कृषि विकास अधिकृत (नवौं तह)

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

| | | | |
|---|---|---|---|
| | क्रमागत)(अन्य) | | तयारी भैरहेको। हाल सम्म गत आ.व. को जग्गावालाहरुको भुक्तानी विवरण तयार भएको साथै नयाँ आयोजनाहरुको लागि सूचना प्रकाशनको तयारी भैरहेको। |
| १३ | स्थानिय तह सँगको सहकार्यमा करार खेती कार्यक्रम (आ.व.२०७७/७८ को नयाँ)(अन्य) | २४० | |
| १४ | सहकारीबाट नविनतम सोच सहितका उत्पादन तथा रोजगारी प्रवर्द्धन कार्यक्रम (२०७६/७७ को क्रमागत) | २७२ | गत आ.व. मा सुरु भइ चालु आ.व. मा संचालन हुने १६ आयोजनाहरु स्वीकृत भइ कार्यान्वयनको चरणमा रहेको। आयोजनाहरुले भुक्तानी माग गरेकाले अन्तिम भुक्तानीका लागि फिल्ड अनुगमन कार्य जारी रहेको। |
| १५ | सहकारी बजार स्थापना कार्यक्रम | १५० | गत आ.व. समेत गरी हालसम्म ६ वटा सहकारी बजार सम्पन्न भएको। बाँकी बजार स्थापनाको लागि सूचना प्रकाशन गरी प्रस्ताव संकलन भएको। प्रारम्भिक मुल्याङ्कनको तयारी भैरहेको। |
| १६ | खोरेत रोग उन्मुलन कार्यक्रम(कार्ड छपाई) | १२० | कार्यविधि स्वीकृत भइ कार्यान्वयनको क्रममा रहेको। संघिय सरकार तथा स्थानीय तहहरुसंग कार्यक्रम संचालनका बारे समन्वय भइरहेको। स्थानीय तहसंगको समन्वयमा जिल्लामा तथ्याङ्क संकलन भैरहेको। |
| १७ | खोरेत रोग उन्मुलन अभियान प्रारम्भ कार्यक्रम | ५०० | |
| १८ | स्मार्ट कृषि गाँउ कार्यक्रम आ.व. २०७५।७६ तथा २०७६।७७ को क्रमागत(बहुपक्षीय) | २५२० | गाउँहरुमा सहयोगी कार्यक्रम संचालनको सुरुवात। क्यामपस तथा अनुसन्धान परिषदसंग MOU भइ स्मार्ट कृषि गाँउहरुमा शिक्षा, अनुसन्धान र प्रसारलाई एकिकृत गरी लैजानको लागी आधार तयार भएको। जम्मा १०२ वटा गाउँहरुको छनौट भएको र १४ को निर्णय हुन बाँकि रहेको। |
| १९ | स्मार्ट कृषि गाँउ कार्यक्रम आ.व. २०७७।७८मा सुरु(बहुपक्षीय) | २००० | |
| २० | प्रतिफलमा आधारित प्रोत्साहन अनुदान | १६६५ | जिल्ला स्थित कार्यालयहरुबाट संचालन हुने भएकाले सूचना प्रकाशन भैरहेको। |
| २१ | रोड कोरिडोर लक्षित विशेष कार्यक्रम | १२०० | कार्यविधि निर्माण सम्पन्न भएकाले संचालन प्रकृया अगाडी बढ्ने। |
| २२ | एक जिल्ला एक स्रोत केन्द्र स्थापना | ६५० | स्थानीय तहसंगको समन्वयमा प्राय सबै जिल्लामा स्रोत केन्द्र स्थापनाका लागि जग्गा प्राप्ती भएको र चालु आ.व. मा प्राविधिक सेवा टेवा प्रदान गर्न सक्ने क्षमता अनुरुप विकास गर्ने गरी स्थापना कार्य सम्पन्न हुने। |

कृषि विकास अधिकृत

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

| | | | |
|---|---|---|---|
| २३ | लसुन/प्याज मिसन कार्यक्रम | १९८ | सूचना प्रकाशन भएको, कार्यक्रम संचालन प्रकृयामा रहेको। |
| २४ | कागति सुन्तला मिसन कार्यक्रम | २८८ | कार्यविधि अनुसार कार्यक्रम संचालन हुने। |
| २५ | बंगुर मिसन कार्यक्रम | १५० | कार्यविधि अनुसार कार्यक्रम संचालन हुने। |
| २६ | बाखा मिसन कार्यक्रम | ७०० | कार्यविधि अनुसार कार्यक्रम संचालन हुने। |
| २७ | आलु मिसन कार्यक्रम | ४९० | कार्यविधि निर्माण गरी सिजन अनुसार कार्यक्रम संचालन हुने। |
| २८ | मकै मिसन कार्यक्रम | ५८० | कार्यविधि निर्माण प्रकृया अन्तिम चरणमा पुगेको। |
| २९ | फलफुल विरुवा रोपण अभियान | १२० | मौसमानुकुल रुपमा सम्बन्धित कार्यालयहरुले कार्यक्रम संचालन गर्ने तयारी गरिरहेको। |
| ३० | अभियानमुखि प्राङ्गारिक मिसन कार्यक्रम | ५०० | संघिय सरकारसंगको सहकार्यमा कार्यक्रम संचालन हुने भएकाले तिन तहकै सरकारसंग आवश्यक समन्वय भैरहेको। |

१२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:

आ.व. २०७७/७८ का लागि आवश्यक निम्न कार्यविधिहरु निर्माण भइ कार्यक्रमहरु कार्यान्वयनको चरणमा रहेका छ।

- सहकारी दर्ता दिग्दर्शन, २०७७
- सेवा करारमा प्राविधिक (अधिकृत तथा सहायकस्तर) कर्मचारी छनौट सम्बन्धी कार्यविधि, २०७७
- मौरी विकास प्रवर्द्धन कार्यक्रम संचालन विधी, २०७७
- पुष्प व्यवसायी संघको सहकार्यमा पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि, २०७७
- कृषि उपजको बजारीकरण तथा बजार प्रवर्द्धन कार्य सञ्चालन विधि, २०७७
- कृषि क्याम्पसको सहकार्यमा कृषि प्रवर्द्धन कार्यकम सञ्चालन विधि,२०७७
- जिल्लास्तर कृषि विकास कार्यक्रम सञ्चालन विधि, २०७७
- रोड कोरिडोर /राजमार्ग लक्षीत तथा मिसन (आलु र मकै वाली) कार्यक्रम सञ्चालन विधि, २०७७
- स्थानीय तह मार्फत सञ्चालन हुने कोभिड विशेष कृषि कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७७
- कोशेली घर स्थापना सञ्चालन विधि, २०७७
- कोभिड विशेष कृषि कार्यक्रम सञ्चालन विधि, २०७७
- पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन विधि, २०७७
- सहकारी नमूना गाँउ (स्थापना, सञ्चालन र व्यवस्थापन) विधि, २०७७

वरिष्ठ कृषि विकास अधिकृत

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

- सहकारी एकीकरण कार्यविधि, २०७७
- सहकारी नियमावली, २०७६
- स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- सहकारी बजार स्थापना तथा सञ्चालन कार्यविधि, २०७६
- सहकारी मार्फत युवा उद्यमशीलता तथा महिला सहकारी मार्फत सञ्चालित व्यवसायमा सहयोग कार्यक्रम सञ्चालन विधि, २०७६
- सहकारीको माध्यमबाट नवीनतम सोच सहितका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६
- उच्च प्रविधियुक्त टिस्युकल्चर प्लान्ट स्थापनाको लागि अनुदान कार्यक्रम कार्यविधि, २०७६
- गुठीलाई संरचनागत सहयोग कार्यक्रम सञ्चालन विधि, २०७६
- कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- गरिबी न्यूनीकरणका लागि सीप विकास तालिम तथा वस्तुगत सहयोग कार्यक्रम सञ्चालिलन कार्यविधि, २०७६
- पशुपन्छी विकास कार्यक्रम सञ्चाललन कार्यविधि, २०७६
- कृषि तथा पशुपन्छी सम्बन्धी अभियानमुखी (मिसन) कार्यक्रम सञ्चा६लन कार्यविधि, २०७६
- च्याउ ग्राम स्थापना कार्यक्रम कार्यान्वयन विधि, २०७६
- स्थानीय तहको साझेदारीमा सार्वजनिक जग्गामा फलफुल तथा पुष्पवाटिका निर्माण कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम सञ्चा लन कार्यविधि, २०७६
- मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि, २०७६
- कृषि उपजको ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेबलिङको लागि अनुदान सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६
- स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रम सञ्चालेलन कार्यविधि, २०७६
- जैविक तथा वानस्पतिक विषादी उत्पादन तथा उपयोग प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६
- हरित स्वयं सेवक परिचालन कार्यविधि, २०७६
- एग्रोमार्ट स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- स्मार्ट कृषिगाउँ सहयोगी कार्यक्रम सञ्चागलन कार्यविधि, २०७६
- कृषि यन्त्र उद्योग स्थापना अनुदान सहयोग कार्यक्रम सञ्चालन, २०७६
- प्राङ्गारिक मल उत्पादन तथा उपयोग प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- कृषि प्राविधिक धारका विद्यालयलाई अनुदान सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६
- प्राङ्गारिक मलमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- कस्टम हायरिङ्ग सेन्टर स्थापना र सञ्चानलन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

विज

विकास अधिकृत

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

- कृषिजन्य वस्तुको प्रशोधन उद्योग स्थापना तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- आरन व्यवस्थापन सहयोग कार्यक्रम सञ्चापलन कार्यविधि, २०७६
- खाद्यान्न भण्डार घर निर्माण/सुधार कार्यक्रम सञ्चालिन कार्यविधि, २०७६
- बीउभण्डार गृह (बीउ बैंक) स्थापना तथा सुधार कार्यक्रम सञ्चालिन कार्यविधि, २०७६
- फलफुल विरुवा रोपण अभियान कार्यक्रम सञ्चानलन कार्यविधि २०७६
- कृषि स्रोत केन्द्र स्थापना तथा सञ्चाकलन कार्यविधि २०७६
- स्थानीय तह र सहकारीको सहकार्यमा चक्लाबन्दी सहितको नमुना फार्म स्थापना कार्यक्रम संचालन कार्यविधि २०७६
- प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७६
- शुलभ कर्जा सहजीकरण तथा व्याजमा अनुदान कार्यक्रम सञ्चाफलन कार्यविधि २०७६
- आयमूलक कृषि वन प्रवर्द्धन कार्यक्रम सञ्चाकलन कार्यविधि २०७६
- कृषि उद्यमी कार्यक्रम सञ्चलान कार्यविधि २०७६
- कृषि उपज हाटबजार तथा सङ्कलन केन्द्र सञ्चालन कार्यविधि २०७६
- कृषिजन्य बस्तुको निर्यात प्रवर्द्धन कार्यविधि २०७६
- कृषि स्रोत केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि २०७६
- आयमूलक कृषि वन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०७६

१३. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अद्यावधिक विवरण:

| बजेट शिर्षक | वार्षिक बजेट (,000) | चौमासिक लक्ष्य (,000) | खर्च (,000) | वित्तिय प्रगति | चौमासिक लक्ष्यमा प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| पूजिगत | २८४७१९ | ९६७६६ | ५१७१ | १.८२ | ५.३४% | १२.१२% |
| चालु | ३७२२५६७ | १२८५६११ | ५७०१३ | १.५३ | ४.४३% | ३६.१२% |
| जम्मा | ४,००७,२८६ | १३८२३७७ | ६२१८४ | १.५५ | ४.४९% | ३१.९% |

**राजश्व संकलन विवरण:** ४० लाख ६३ हजार।-

**१४. सूचना अधिकारीको व्यवस्था (दफा ६ बमोजिम):**

**प्रवक्ताको नाम:** डा. प्रदिप शर्मा पौडेल

पद: बरिष्ठ पशु विकास अधिकृत

सम्पर्क न: ९८५७०५३७१७

**सूचना अधिकारीको नाम:** संजय ढकाल

वरिष्ठ कृषि विकास अधिकृत

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

पदः कृषि अर्थ विज्ञ
सम्पर्क नं.: ९८५७०४१२३१

१५. सूचनाको हक सम्बन्धि नियमावली को नियम ३ ले निर्देश गरेअनुसार देहायबमोजिम व्यवस्था गरिएको छः

- चालु आ.व. मा संचालन हुने सम्पुर्ण कार्यक्रमहरुको विवरण सहितको वार्षिक विकास कार्यक्रम वेभसाइटमा प्रकाशन गरिएको।
- अघिल्लो आ.व. मा संचालन भएका कार्यक्रमहरुको वार्षिक प्रगति विवरण वेभसाइटमा प्रकाशन गरिएको।
- मन्त्रालयमा पेश भएको सूचना माग सम्बन्धि निवेदनहरु लिखित रुपमा पेश नभएको। मौखिक रुपमा सूचना तथा अन्य विवरणहरुको बारेमा जानकारी नियमित रुपमा गराइरहेको।
- मन्त्रालयले सम्पादन गर्ने कार्यक्रमहरुको प्रस्ताव आव्हानको लागि रेडियो, पत्रपत्रिका तथा वेभसाइटमा सूचना प्रकाशन गरिरहेको।

कृषि अर्थ विज्ञ

वरिष्ठ कृषि विकास अधिकृत (नवौं तह)